विगतमा सुरक्षा संयन्त्रबीच समन्वयमा त्रुटि भएको संकेत गर्दै प्रधानमन्त्रीको निर्देशन – अब दोहोरिन नदिऔं

■ सौर्य समाचार

काठमाडौं। प्रधानमन्त्री सुशीला कार्कीले चुनावी सुरक्षामा कति पनि चुक्न नदिनेतर्फ सतर्क रहन सुरक्षा फौजलाई निर्देशन दिएकी छिन्। महाशिवरात्रि तथा सेना दिवसको पूर्वसन्ध्यामा सैनिक मुख्यालय जंगी अड्डामा मंगलबारदेखि सुरु भएको पृतनापति समन्वयात्मक बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री कार्कीले विगतमा सुरक्षा संयन्त्रहरूबीच समन्वयमा कतै त्रुटि र रिक्तता भएका रहेछन् भने अब त्यो अवस्था दोहोरिन नदिन सुझाव दिइन्। प्रधानमन्त्री कार्कीले भनिन्, 'यस निर्वाचनलाई सुरक्षित तवरले सम्पन्न गर्न यसअघिका चुनावको समेत अनुभव र आसन्न चुनावका विविध आयामबाट विश्लेषण गरी सुरक्षा संवेदनशीलताका आधारमा सबै सुरक्षा निकायसँग समन्वय गरी त्रुटिरहित ढंगले काम गर्नुहोस्।'

निर्वाचनलाई सुरक्षित वातावरणमा सम्पन्न गर्न नेपाल सरकारबाट स्वीकृत भएको 'प्रतिनिधिसभा सदस्य निर्वाचन एकीकृत सुरक्षा योजना, २०८२' अनुसार नेपाली सेनालाई प्राप्त जिम्मेवारीहरू उत्कृष्ट ढंगबाट सम्पादन गर्नेमा आफू पूर्ण विश्वस्त रहेको प्रधानमन्त्री कार्कीले स्पष्ट पारिन्। जनतालाई सुरक्षाको प्रत्याभूति दिँदा तथा सबै राजनीतिक दलका राजनीतिक गतिविधिलाई बिनाअवरोध सञ्चालन गर्ने वातावरण सृजना गर्न आग्रह गर्दै उनले अन्य निकायसँगको सहकार्यमा स्पष्ट कार्ययोजनासहित अघि बढ्न निर्देशन दिइन्। नेपाली सेनाका विभिन्न विभाग, महानिर्देशनालय, निर्देशनालयका प्रमुखका साथै पृतनापतिहरूको सहभागिता रहेको उक्त बैठकमा प्रधानसेनापति अशोकराज सिग्देलले स्वागत गर्दै समग्र सुरक्षा व्यवस्थाको अवस्थाबारे जानकारी गराएका थिए। बैठकमा सहभागीहरूले आ-आफ्नो जिम्मेवारी क्षेत्रको वस्तुस्थिति, सम्पादन गरेका कार्यहरूको समीक्षा एवं सुझाव प्रस्तुत गर्नाका साथै समसामयिक विषयमा छलफल गर्ने सैनिक सूचना तथा जनसम्पर्क निर्देशनालयले जनाएको छ।

राष्ट्रिय राजनीतिमा...

२०६२/६३ को जनआन्दोलनपछि जारी भएको अन्तरिम संविधानले संघीयतालाई अंगीकार नगरेको भन्दै मधेसवादी संघसंस्था र दलहरू आन्दोलित भए। २०६३ पुसदेखि नै मधेसमा पहिचानसहितको संघीयता माग गर्दै आन्दोलन भइरहेको थियो। पहिलो संविधानसभाको चुनावअघि मधेसवादी दलहरूको पटक-पटकको आन्दोलन र सरकारसँगको सहमतिपछि मात्रै २०६४ सालको चुनावमा मधेसवादी दलहरू आन्दोलन अन्त्य गरेर चुनावमा जान राजी भएका थिए। मधेसवादी दलहरू पनि थपिए। २०६४ मा पहिलो पटक समानुपातिकसहितको मिश्रित प्रणालीमा संविधानसभा चुनाव भएको थियो। प्रत्यक्ष २४०, समानुपातिक ३३५ र मनोनीत २६ गरी कुल ६०१ सिट संख्या थियो। मधेसी जनाधिकार फोरम, नेपाल (लोकतान्त्रिक) २७ सिटसहित चौथो दल बनेको थियो। मधेसी जनाधिकार फोरम, नेपाल १२, मधेसी जनाधिकार फोरम (गणतान्त्रिक) ११, तराई मधेस लोकतान्त्रिक पार्टी १०, तराई मधेस लोकतान्त्रिक पार्टी नेपाल ९, संघीय सद्भावना पार्टी ४, सद्भावना पार्टी ३, नेपाल सद्भावना पार्टी (आनन्ददेवी) १, चुरेभावर राष्ट्रिय एकता पार्टी नेपाल १ गरी ७८ सिट संख्यासहित मधेसवादी दल शक्तिशाली पोजिसनमा थिए।

पहिलो संविधानसभाबाट संविधान बन्न नसकेको, मधेसको एजेन्डाभन्दा पनि सरकारलाई प्राथमिकतामा राखेको आरोप मधेसवादी दलले खेप्नुपऱ्यो। सरकारमा जानकै लागि टुटफुट र विभाजन निरन्तर भइरहेकै थियो। यसले २०७० को संविधानसभाको दोस्रो चुनावमा असर पाऱ्यो। २०७० को चुनावमा मधेसी जनअधिकार फोरम नेपाल (लोकतान्त्रिक) १४, तराई-मधेस लोकतान्त्रिक पार्टी ११, मधेसी जनअधिकार फोरम नेपाल १०, सद्भावना पार्टी ६, तराई मधेस सद्भावना पार्टी नेपाल ३, मधेसी जनअधिकार फोरम (गणतान्त्रिक) १, संघीय सद्भावना पार्टी १ र मधेस समता पार्टी नेपाल १ सिटमा गरी ४७ सिटमा सीमित हुन पुगे। त्यस्तै, थरुहट तराई पार्टी नेपाल २ सिट र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (थरुहट) १ सिट संख्यामा संविधानसभामा थिए।

३ असोज, २०७२ मा नयाँ संविधान जारी भयो। मधेसवादी दलहरूले सो संविधानप्रति विमति जनाए। संविधान जारी भएकै दिन तराई-मधेसलाई कालो दिनका रूपमा मनाइयो। संघीय संरचना, समानुपातिक प्रतिनिधित्व, जनसंख्याका आधारमा निर्वाचन क्षेत्र, वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलालाई अंगीकृत नागरिकताको व्यवस्था संविधानमै हुनुपर्नेलगायत कैयौं विषयमा उनीहरूको असहमति थियो। संविधान जारी भएपछि मधेसवादी दलहरूको आन्दोलनका कारण नाकाबन्दीसम्म भोग्नुपर्ने अवस्था सिर्जना भएको थियो।

२०७४ मा विभिन्न मधेसवादी दलहरूको एकताबाट बनेको नेपाल समाजवादी पार्टी, नेपाल २१ सिटमा सीमित थियो भने लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल १३ सिटमा आइपुगेको थियो। २०७९ सालको चुनावमा आइपुग्दा जनता समाजवादी पार्टी नेपाल १२ सिट, जनमत पार्टी ६ सिट, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल ४ सिटमा सीमित भए। यता, थरुहटको माग र मुद्दामा नयाँ पार्टीका रूपमा उदय भएको नागरिक उन्मुक्ति पार्टीले पनि ३ सिट ल्यायो।

२०६४ सालको पहिलो संविधानसभादेखि २०७९ को प्रतिनिधिसभा चुनावसम्म आइपुग्दा मधेस राष्ट्रिय राजनीतिको केन्द्रमै रह्यो। हरेक पटक सरकार निर्माण हुँदा मधेसवादी दलहरूसँग सम्झौता गर्नुपर्ने संख्यात्मक बाध्यतामा पनि प्रमुख दलहरू परे। उनीहरूको माग र मुद्दा सम्बोधन गर्न संविधान संशोधन गर्ने सहमति हरेक सरकारले दोहोऱ्याउँदै आए। मधेसवादी दलको साथ नपाए सरकार बनाउन नसक्ने, दुवै सदनबाट विधेयक पारित गराउन नसक्ने स्थिति पनि बन्यो। तर, नयाँ संविधान जारी भएपछि मूल मुद्दा बनेको मधेसको राजनीति तेस्रो संसदीय चुनावमा आइपुग्दा नपुग्दै ओझेलमा परेको छ। राष्ट्रिय राजनीतिमा दबदबा बनाएका मधेसवादी दलहरूले २१ फागुनमा हुने प्रतिनिधिसभा चुनावमा पनि भाग लिएका छन्। तर, उनीहरूको एजेन्डा राष्ट्रिय एजेन्डा बन्न सकेको छैन भने चुनावी चर्चा र बहसमा उनीहरू सतहमा देखिएका छैनन्। यतिबेला माहोल र चर्चाका हिसाबले नयाँ दल रास्वपाको दबदबा कायम हुँदा मधेसवादी दलहरू भने अस्तित्व रक्षाको चुनौतीसँग जुधिरहेका छन्।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र
हेटौंडा, नेपाल

बोलपत्र संशोधन सम्बन्धी सूचना

प्रकाशित मितिः- २०८२/१०/२८

यस केन्द्रबाट मिति २०८२/१०/२६ मा प्रकाशित तल उल्लिखित बोलपत्रहरु यस केन्द्रको मिति २०८२ /१०/२७ को निर्णयानुसार संशोधन गरिएको व्यहोरा जानकारी गराईन्छ। संशोधन सम्बन्धी विवरण PPMO e-GP system www.bolpatra.gov.np/egp. वाट प्राप्त गर्न सकिनेछ।

तपसिल

S.No.	Contract identification IFB NO.
1.	Procurement of Transportation service for Health Logistics (IFB No.HLMC/G/NCB-22/2082/83)
2.	Procurement of Essential Ayurvedic Medicines (IFB No.HLMC/G/NCB-23/2082-83)

नि. निर्देशक

मध्यनेपाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भोर्लेटार. लमजुङ
गण्डकी प्रदेश

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धमा

(प्रथम प्रटक प्रकाशित मिति २०८२/१०/२८)

यस कार्यालय बाट मिति २०८२।०८।२५ (11th Dec. 2025) मा आह्वान गरिएको Construction of Bangre-Neta ward office Road Madhyanepal-9/10, lamjung , Contract Id : MNN/NCB/82/83/W/02 सूचना बमोजिम प्राविधिक प्रस्तावमा सफल देहायका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव मिति २०८२।११।०५ (17th Feb. 2026) गते विहान ११:०० बजे मध्यनेपाल नगरपालिकाको कार्यालयमा खोलिने हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ङ (५) प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

ठेक्का नं	प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाताहरु
Contract ID:MNN/NCB/82/83/W/02Construction of Bangre-Neta ward office Road Madhyanepal-9/10, Lamjung,	1. M/S Ratna Shrestha Nirman Sewa, Bidur-4, Nuwakot 2. M/S Ganapati Construction,Bidur-4 Battar,Nuakot 3. M/S B.P -Shuvam JV,Waling, Syangja 4. M/S Anjana-Jurethum-Samriddi JV, Kakani-1, Nuwakot 5. M/S Bijayshwori- N.B. JV, Nayabaneshwor-10, Kathmandu 6. M/S Nivaani-Kalesto-Siraichuli JV, Kalika-07, Chitwan 7. M/S Tirupati-Arghaun JV,Pokhara-27, Kaski 8. M/S Machhapuchhre Niraman Sewa (P) LTD, Sudarbazaar-03,Lamjung 9. M/S Vanja-Khanal-Bhargav JV, Pokhara-7,Kaski 10. M/S Kushal-Laligurans-Duragalaxmi JV, Hetauda-11 makawanpur 11. M/S Gaur Nirman Sewa, Melamchi, Sindhupalchok 12. M/S Indreni-Mir JV, Rupa, Kaski 13. M/S K.B.-Panchadewal-Apshana JV. Khadachakra-2 Kalikot.

(प्रमुख प्रशासकीय अधिकृत)

लक्ष्मीपुर पतारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महेशपुर पतारी सिरहा
मधेश प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।

प्रकाशित मितिः २०८२/१०/२८

लक्ष्मीपुर पतारी गाउँपालिकाको मिति २०८२/०८/०१ र २०८२/०९/११ गते सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तपसिलका निर्माण कार्यहरुको लागि पेश भएका Online E–Bidding मध्ये देहायका बोलपत्रहरु न्यूनतम मुल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशन गरिएको छ।

ठेक्का नं.	योजनाको विवरण	छनौट भएको फर्मको नाम	ठेगाना	कवोल अंक (With PS Item and VAT)
LPRM/WORKS/NCB/03/2082/083	ज.न.ल.मा.वि.को अधुरो भवन फिनिसिङ्ग कार्य	गंगोत्री विल्डर्स एण्ड सप्लायर्स प्रा.लि.	काठमाडौं - ३१	५४८०७२५।०९
LPRM/WORKS/NCB/07/2082/083	ज.न.ल.मा.वि.को ५ कोठे अधुरो भवन निर्माण	गंगोत्री विल्डर्स एण्ड सप्लायर्स प्रा.लि.	काठमाडौं - ३१	२९१४४१२।८७

प्रमुख प्रशासकीय अधिकृत

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल

धरौटी सदरस्याहा गर्ने सम्बन्धी सूचना

प्रकाशित मिति : २०८२/१०/२८

यस नगरपालिकाको धरौटी खाता नं.२०५०१००३०३०००००२ मा आ.व. २०८०/८१ सम्म विभिन्न मितिमा जम्मा गरिएको कम्पनी/फर्म/संस्था तथा उपभोक्ता समितिको नाममा रहेको प्रयोजन विहिन धरौटी रकम आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ७ नियम ६६ अनुसार हालसम्म फिर्ता लिन नआएकोले ऐ.को नियम ६८ बमोजिम देखिएको रकम ऐ.को नियम ६७ बमोजिम सदरस्याहा गरी राजश्वमा दाखिला गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ। अतः धरौटी रकम फिर्ता पाउनुपर्ने कुनै आधार र प्रमाण भए यो सूचना प्रकाशित भएको मितिले **३५ दिन** भित्र आवश्यक प्रमाण सहित यस कार्यालयमा निवेदन दिनुहुन सूचित गरिन्छ।

कम्पनी/फर्म/संस्थाको नाम	रकम रु.	कम्पनी/फर्म/संस्थाको नाम	रकम रु.
कटारी कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी	२८,१५०	मुक्तिनाथ मेडिको फर्मा	६३
काली निर्माण सेवा	३,४१,५५४	राइज बिल्डर्स एण्ड कन्सट्रक्सन	४२,३२३
किरांतेश्वर जोशी प्रिन्स जे.भि.	८८,७९२	वाम्बुले कन्स्ट्रक्सन प्रा.लि.	२५,४०९
चेतना सप्लायर्स	२५,२७५	विष्णु स्टील एण्ड आल्मुनियम फर्निचर	३१,७८५
बस्नेत निर्माण सेवा	१४,१५०	हेलपीङ्ग हेल्थ पोलिक्लिनिक प्रा.लि.	३७५
रिपब्लिक कन्ट्रक्सन प्रा.लि	३,७३,३८१	निबुवा बोटे कमर भञ्ज्याङ्ग पुरानो गाउँ मोटर बाटो उ.स.	१५,०००
श्री स्ट्रङ्ग क्लासिक कन्ष्ट्रक्सन प्रा.लि.	१३,२५०	बाझगाउँ सिदुरे बेसि सडक नि.उ.स.	२,७५०
सयपत्री ईन्टर्टमेन्ट	१८,७८०	राउत खर्क गेट निर्माण उ.स.	५,०००
सिन्धुली ब्रदर्श कन्स्ट्रक्सन प्रा. लि.	२३,८४६	लिम्पाटार शिव मन्दिर निर्माण उ.स.	१९,५००
एस.के. ट्रेडर्स	३०,०००	विद्युत विस्तार उ.स.	५०,०००
केवलेश्वर मेडि सेल्स	१	सचेतना केन्द्र भवन व्यवस्थापन तथा निर्माण उ.स.	१,२२८
गौतम मेडिको फर्मा	३,४५०	सडक मर्मत उ.स.	३५,०००
पेसा एड	५,७००	सानो ददरिया शिव मन्दिर बसाहा निर्माण उ.स.	५,०००
भिमदेवी मेडिसिन सप्लायर्स	४५,५००	श्री गणेश ड्रग हाउस	७६,६००

प्रमुख प्रशासकीय अधिकृत

सुन्दरहरैंचा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटचौक, मोरङ

बिद्युतीय माध्यमद्वारा बोलपत्र आव्हानको सूचना

(दोस्रो पटक सूचना प्रकाशन मितिः २०८२/१०/२८)

यस कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार निम्न बमोजिमको निर्माण कार्य खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक कम्पनी/फर्महरुले रितपुर्वक बोलपत्र www.bolpatra.gov.np/egp मार्फत तोकिएको म्याद भित्र पेश गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

सि. न.	बोलपत्रको विवरण	लागत अनुमान रु (भ्याट बाहेक र पिएस सहित)	बोलपत्र फाराम दस्तुर रु.	बोलपत्र जमानत रु.	बोलपत्र पेश गर्ने अन्तिम मिति
१	SHM/NCB/W/14/2082/083, Construction of Fencing Works at Dumping Site Sundarharaicha-04	२५६३५०१।५६	३०००.००	७००००.००	२०८२/११/१४ १२.०० बजे

अन्य विवरण

१. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट पेश गर्ने तथा खोल्ने मिति कायम हुनेछ। थप जानकारीका लागि सुन्दरहरैंचा नगरपालिकामा सम्पर्क राख्न सकिनेछ।

२. बोलपत्र स्वीकृत/अस्वीकृत गर्ने अधिकार यस नगरपालिकाको कार्यालयमा निहित रहने छ।

प्रमुख प्रशासकीय अधिकृत